कानुन दिवस २०७५ को उपलक्ष्यमा सर्वोच्च अदालतद्वारा आयोजित चियापान समारोहमा सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश ज्यू बाट भएको सम्बोधन ।

- सम्माननीय राष्ट्रपतिज्यू,
- सम्माननीय उपराष्ट्रपतिज्यू,
- सम्माननीय प्रधानमन्त्रीज्यू,
- सम्माननीय सभामुखज्यू,
- सम्माननीय अध्यक्षज्यू,
- माननीय मन्त्रीज्यूहरू,
- आदरणीय पूर्व प्रधान न्यायाधीशज्यूहरू,
- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू,
- सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू,
- न्याय परिषद्का माननीय सदस्यज्यूहरु,
- संवैधानिक निकायका प्रमुखज्यूहरु,
- माननीय महान्यायाधिवक्ताज्यू,

- नेपाल बार एशोसिएसनका अध्यक्षलगायत पदाधिकारी एवम् वरिष्ठ अधिवक्ताज्यूहरु,
- विशिष्ट अतिथि एवम् कूटनीतिक नियोगका प्रमुखज्यूहरु,
- उपस्थित पत्रकार, भद्र महिला तथा सज्जनवृन्द।

कानून दिवस २०७५ को अवसरमा आयोजित यस विशेष समारोहमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी समुपस्थित हुनुभएकोमा सम्माननीय राष्ट्रपति महोदयप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यसैगरी, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायत समस्त अतिथि महानुभावहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

नेपालमा आधुनिक न्याय प्रणालीको प्रादुर्भाव भएको दिनको सम्झनामा प्रत्येक वर्ष बैशाख २६ गतेको दिनलाई कानून दिवसको रुपमा मनाईदै आएको सर्वविदितै छ। विधिको शासन तथा लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्ध हुँदै न्यायिक पद्धति र न्यायालयको संरचनागत सुधारमार्फत नागरिकका हक अधिकारको संरक्षण गर्न आजको दिनले महत्वपूर्ण आधार प्रदान गरेको कुरा स्मरण गराउन चाहन्छु। साथै, त्यसक्रममा अमूल्य योगदान पुर्‍याउनु हुने हाम्रा अग्रज न्यायाधीशहरु तथा सम्बद्ध सबैकाप्रति आजको यस विशेष दिनमा हार्दिक सम्मान समेत व्यक्त गर्दछु।

संवैधानिक सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायपालिका लोकतन्त्रका आधारस्तम्भ हुन्। नेपालको संविधानले नागरिकका हक अधिकारको संरक्षण तथा संघीयतामा आधारित लोकतान्त्रिक शासन पद्धति एवम् विधिको शासनलाई व्यवहारमा रुपान्तरण गर्ने गहन दायित्व र जिम्मेवारी न्यायपालिकालाई सुम्पेको छ। त्यसैअनुरुप न्यायपालिकाले पनि नागरिकप्रतिको उच्च समर्पणभाव र उत्तरदायित्ववोध गर्दै न्यायिक सेवाको प्रभावकारिताका लागि सदैव क्रियाशील र प्रतिवद्ध रहदै आएको छ। त्यसलाई निरन्तरता दिदै न्यायपालिकाको स्वतन्त्रता र स्वायत्ततासम्बन्धी मूल्य मान्यताको प्रवर्द्धन गर्न एवम् सक्षम, सुलभ, छिटोछरीतो, सहज पहुचयुक्त र जनआस्थामा आधारित न्याय पद्धतिको विकासमा आजको यस विशेष दिनले थप हौसला र प्रेरणा प्रदान गर्नेछ भन्ने आशा एवम् विश्वास समेत लिएको छु ।

स्वतन्त्र र सक्षम न्यायपालिकाबाट मात्रै नागरिकका हक अधिकाहरुको प्रभावकारी संरक्षण हुन सक्दछ । न्यायिक स्वतन्त्रता र सक्षमता संविधानमा उल्लेख गर्दैमा स्वतः स्थापित हुने विषय होइनन् । स्वतन्त्र न्यायपालिकाको मूल्य मान्यतामा कँही कतैबाट आँच आउन नदिने अवस्थाको सुनिश्चितता जरुरी छ। न्यायपालिकाले संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा न्याय सम्पादन गर्ने हो । यसप्रति कसैको कुनै किसिमको आग्रह वा पूर्वाग्रह रहनु हुँदैन। नागरिकका हक अधिकारको संरक्षण र पुनर्स्थापना नै न्यायपालिकाको मुख्य जिम्मेवारी हो । राज्यका अन्य निकायले गर्ने प्रकृतिको कार्य वा नतीजाको अपेक्षा न्यायपालिकाबाट गरिनु हुँदैन। त्यसरी नै अदालत, न्यायाधीश वा न्यायिक निकायले पनि कुनै किसिमको प्रभावमा नपरी संविधान,

कानून र न्यायका मान्य सिद्धान्तमा आधारित भई स्वतन्त्र, निष्पक्ष र निर्भिक ढंगबाट न्याय सम्पादन गर्नु पर्दछ भन्ने मेरो विश्वास रहेको छ। यही मूल्य मान्यता र न्यायिक इतिहास बोकेको "श्री" यन्त्रलाई सर्वोच्च अदालतमा भर्खरै पुनर्स्थापना गरिएको कुरा यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।

संविधानले न्यायपालिकालाई सुम्पेको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न न्यायपालिकाले विभिन्न प्रयासहरु गर्दै आएको छ। त्यसक्रममा न्यायपालिकाले स्पष्ट गन्तव्य, लक्ष्य, उद्देश्य र रणनीतिकासाथ योजनावद्ध सुधारको शुरुवात गरेको र हाल न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनितिक योजना कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। योजनावद्ध सुधारका नतीजाहरु क्रमशः देखा पर्न थालेका छन्। मुद्दाहरुको फछ्र्यौट तथा फैसला कार्यान्वयनमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन्। आमनागरिकले न्यायपालिकाप्रति राखेको अपेक्षालाई यथोचित रुपमा सम्वोधन गर्नेतर्फ न्यायपालिकाका समग्र प्रयासहरु केन्द्रित छन्। सेवाग्राहीहरुको सुविधालाई लक्षित गरी अदालतहरुमा विभिन्न सेवा, सुविधा र सहयोगका कार्यहरुको थालनी गरिएको छ।

न्यायमा सहज र समान पहुँच प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारको प्रत्याभूतिका लागी विभिन्न कारणबाट न्यायसम्मको पहुँच राख्न नसकेका खासगरी महिला, विपन्न, असहाय, असमर्थ वर्गका व्यक्तिहरुको न्यायमा पहुँच अभिवृद्धि गर्न सर्वोच्च अदालतमा गठन भएको न्यायमा पहुँच आयोगका माध्यमबाट आवश्यक सहजीकरण र समन्वयका प्रयासहरु हुँदै आएका छन्।

न्यायमा सहज पहुँचको सुनिश्चितता अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुने विषय होईन। यसका बहुआयामिक पक्षहरुको सम्बोधनका लागि नेपाल सरकार र सम्बद्ध निकायहरुको भूमिका र जिम्मेवारी समेत त्यत्तिकै अपरिहार्य छ।

छिटो छरितो न्याय र न्यायमा सहज पहुँचका लागि अदालतमा दायर रहेका मुद्दाहरु मेलमिलापको प्रकृयाबाट समाधान गर्ने विवाद समाधानको वैकल्पिक पद्धतिको प्रवर्द्धन र सस्थागत गर्ने प्रयास समेत हुँदै आएको छ। न्यायिक प्रकृयामा सूचना पद्धतिको प्रयोगमार्फत प्रभावकारिता ल्याउन र त्यसको लाभ मुद्दाका पक्षलगायत सम्बन्धित सबैले पाउन सकुन् भन्ने उद्देश्यकासाथ सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरुयोजनाको तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। न्याय क्षेत्रका सरोकारवालाहरुको आपसी सहयोग, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन विभिन्न तहका न्याय क्षेत्र समन्वय समितिहरु मार्फत आवश्यक कार्यहरु भैरहेका छन्। यसले न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन र न्यायिक सुधारलाई गन्तव्यतर्फ उन्मुख गर्न महत्वपूर्ण सहयोग पुगेको अनुभव गरिएको छ। त्यस प्रकारको सहयोग, समन्वय र सहकार्य आगामी दिनमा अझ बढी प्राप्त होस् भन्ने म सम्बन्धित सबैमा अनुरोध गर्दछु।

न्यायिक सुधारको माध्यमबाट न्यायपालिकाले केहि उपलब्धीहरु हासिल गर्न सकेको भए तापनि यस प्रकृयामा न्यायपालिकाले थुप्रै समस्या र चुनौतिहरुको सामना समेत गरिरहेको छ। साधन स्रोतको कमिका कारण

योजनाले निर्धारण गरेका कतिपय क्रियाकलापहरु शुरु हुन सकेका छैनन्। संविधानले सर्वोच्च अदालतलाई अभिलेख अदालतको रुपमा मान्यता प्रदान गरेको सन्दर्भमा सो अनुरुपको अभिलेख व्यवस्थापन एवम् न्यायिक पद्धति र इतिहासको जगेर्ना गर्न "न्यायिक संग्रहालय" को स्थापना गर्ने विषयलाई न्यायपालिकाका योजनाहरुमा उल्लेख गरिँदै आएको भए तापनि भौतिक पूर्वाधार र साधन स्रोतको अभावमा मूर्तरुप दिन सकिएको छैन। यसका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायको सहयोगको अपेक्षा गरिएको छ।

न्यायपालिकाले विगत केही वर्षदेखि न्यायपालिकालाई कूल राष्ट्रिय बजेटको कम्तिमा एक प्रतिशतसम्म भएपनि बजेट उपलब्ध हुनुपर्ने र न्यायिक स्वतन्त्रता र स्वायत्तताका मान्यता अनुरुप बजेटको आन्तरिक विनियोजन गर्न पाउनुपर्ने स्पष्ट दृष्टिकोण राख्दै आएकोमा त्यसको सम्बोधन हुन सकिरहेको छैन। अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त न्यायिक स्वाधीनताको अवधारणालाई नेपालको संविधानको धारा १२६, १२८, १३३ र १३६ समेतले स्पष्टतः आत्मसात् गरेको परिप्रेक्ष्यमा ती संवैधानिक व्यवस्थाहरुको सम्मान र कार्यान्वयन हुनु जरुरी छ।

अदालतहरुमा जनशक्तिको न्यूनता पनि अर्को चुनौतिको रुपमा देखापरेको छ। अदालतको कार्यवोझ १० वर्षमा करिब दोब्बरको अनुपातमा वृद्धि हुँदै गएको छ। संवैधानिक र कानूनी परिवर्तनहरुले अदालतहरुको क्षेत्राधिकार थप विस्तारित हुन पुगेको छ। विद्यमान कानून पद्धतिमा सारभूत परिमार्जन सहित तयार भएका फौजदारी तथा देवानी संहिताहरु जसले मुलुकी ऐनलाई प्रतिस्थापन

गर्दै आधुनिक न्यायप्रणालीको नयाँ जग खडा गर्न गैरहेका छन्, ती महत्वपूर्ण कानूनहरु आगामी भाद्र १ गतेदेखि लागू हुँदै छन्। तिनको प्रभावकारी कार्यान्वयन स्वतः हुन सक्दैन । त्यसको लागि आवश्यक तयारी, साधन स्रोतको व्यवस्थापन र प्रतिवद्धताको आवश्यकता पर्दछ। यो विषय नेपाल सरकार लगायत सम्वद्ध सबैको प्राथमिकताको विषय बन्नुपर्छ भन्ने मलाई लाग्दछ। न्यायिक पद्धतिको विकासका लागि लगानी गर्ने विषयलाई अनुत्पादक खर्चका रुपमा लिईनु हुँदैन। न्याय प्रणालीको विकासको स्तरको सापेक्षतामा देशको समग्र प्रगति र आर्थिक विकासलाई हेर्ने मान्यताको समेत विकास भएको छ। सुदृढ न्यायप्रणालीबाट मात्रै नागरिक अधिकार र लोकतन्त्रको रक्षा हुन सक्दछ। सबैको आपसी विश्वास, सहयोग र सहकार्यबाट मात्रै संस्थाहरु बलिया हुन सक्दछन् भन्ने मलाई लाग्दछ।

अन्तमा, कानून दिवस - २०७५ ले समानता, न्याय र विधिको शासनको सुनिश्चितताका लागि आ-आफ्नो ठाउँबाट योगदान गर्ने सकारात्मक सोच, प्रेरणा र क्षमता सबैमा प्रदान गरोस् भन्ने सुभकामना व्यक्त गर्दै कानून दिवसको अवसरमा सर्वोच्च अदालतबाट आयोजित जलपान कार्यक्रममा सहभागी भईदिनुहुन सम्माननीय राष्ट्रपति महोदय र सम्पूर्ण विशिष्ट महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद !**